चौमासिक

# तथ्याङ्क गतिविधि

Four Monthly

# Statistical Bulletin




वर्ष - ३८ | पूर्णाङ्क - ११५ | अङ्क - २
Year – 38 | Volume – 115 | No. - 2

## सम्पादकीय

केन्द्रीय तथ्याङ्क विभागका नियमित प्रकाशनहरू मध्ये चालु आ.व. २०७२/७३ को दोस्रो अङ्कको रुपमा यो चौमासिक तथ्याङ्क गतिविधि वर्ष-३८, पूर्णाङ्क-११५, अङ्क-२ (मंसिर–फागुन) यहाँहरू समक्ष प्रस्तुत गरिएको छ । तथ्याङ्क क्षेत्रका गतिविधि समेट्ने गरी विगत ३८ वर्षदेखि नियमितरुपमा **चौमासिक तथ्याङ्क गतिविधि** यस विभागद्वारा प्रकाशन भइरहेको छ ।

चौमासिक तथ्याङ्क गतिविधिको यस अङ्कमा केन्द्रीय तथ्याङ्क विभागबाट चालु आ.व. २०७२/७३ को दोस्रो चौमासिकमा सञ्चालन गरिएका कृयाकलापहरु समेटिएका छन्। नेपाल बहुसूचक सर्वेक्षण २०७०/७१ को अन्तिम प्रतिवेदन सार्वजनिकीकरण, आधिकारिक तथ्याङ्क सम्बन्धि तालिम, Compendium of Environment Statistics of Nepal 2015 को प्रकाशन र सोको सार्वजनिकीकरण, विज्ञापन एजेन्सी सर्वेक्षण २०७२, विश्व तथ्याङ्क दिवस २०१५ सम्बन्धि जानकारी, आ.व. २०७२/७३ को राष्ट्रिय लेखा अनुमान एवं यस विभागले आ.ब. २०७२/७३ को दोस्रो चौमासिकमा संचालन गरेका अन्य मुख्य मुख्य क्रियाकलापहरु समेत प्रस्तुत गरिएको छ । यसमा प्रकाशित जानकारी तथा तथ्याङ्क सम्बन्धित क्षेत्रका पाठकहरूका लागि उपयोगी हुने हाम्रो विश्वास छ ।

अन्त्यमा, तथ्याङ्क गतिविधिको आगामी प्रकाशनहरूको सुधार र परिमार्जनको लागि सदा झै पाठकवर्गको रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

## बिषयबस्तु

नेपालमा आर्थिक गणनाको अवधारणा तथा यसको आवश्यकता : २
नेपाल बहुसूचक सर्वेक्षण २०७०/७१ (Nepal Multiple Indicator cluster Survey 2014) को अन्तिम प्रतिवेदन सार्वजनिकीकरण : ४
आधिकारिक तथ्याङ्क (Official Stratistics) सम्बन्धि तालिम : ५
Compendium of Environment Statistics Nepal 2015 को सार्वजनिककिरण कार्यक्रम : ६
Compendium of Environment Statistics Nepal 2015 प्रकाशन : ७
जलवायु परिवर्तन सर्वेक्षण (Climate Change Survey) को तयारी : ७
विज्ञापन एजेन्सी सर्वेक्षण, २०७२ : ८
विश्व तथ्याङ्क दिवस २०१५ : ८
शहरी जनसंख्या सर्वेक्षण २०७२ : ९
मनाङ्ग र मुस्ताङ्गमा के.त.वि.कक्ष (CBS Cell) स्थापना : ११
भूकम्प प्रभावित आवास पुन:निर्माण लगत संकलन कार्यक्रम २०७२ : १२
व्यावसायिक पुष्पखेती सर्भेक्षण २०७२ : १३
आर्थिक वर्ष २०७२/७३ को राष्ट्रिय लेखा तथ्याङ्क अनुमान : १४

**सम्पादक मण्डल**

निर्देशक श्री तीर्थराज चौलागाई – अध्यक्ष
निर्देशक श्री रामहरि गैह्रे – सदस्य
निर्देशक श्री राजन सिलवाल – सदस्य
त.अ. श्री कृष्णराज पाण्डे – सदस्य सचिव

**सल्लाहकार**

उपमहानिर्देशक डा. रुद्र सुवाल
उपमहानिर्देशक श्री नेबिन लाल श्रेष्ठ
उपमहानिर्देशक श्री हेमराज रेग्मी

प्रकाशन प्रति : १०००

**यस प्रकाशनसंग संलग्न अन्य कर्मचारीहरू**

निर्देशक डा. महेश कुमार सुवेदी | तथ्याङ्क अधिकृत श्री कपिलदेव जोशी | पुस्तकालय अधिकृत श्री नानीराम कार्की
तथ्याङ्क सहायक श्री कमलराज गौतम

tathyankgatibidhi.indd 1 8/24/2016 1:40:29 PM

# नेपालमा आर्थिक गणनाको अवधारणा तथा यसको आवश्यकता

## पृष्ठभूमी

विश्वका अधिकांश मुलुकहरुमा उद्योग, व्यापारिक एकाइहरुको आर्थिक संरचनाबारे जानकारी प्राप्त गर्न र ती एकाइहरुको सूची तयार गर्न तथ्याङ्कीय व्यवसायिक रजिष्टरको स्थापना वा आर्थिक गणना सञ्चालन गर्दै आएको पाइन्छ । आर्थिक गणनाको सञ्चालनबाट विभिन्न आधारभुत आर्थिक सूचकहरु जस्तै श्रमको उत्पादकत्व, उत्पादकको मूल्य, औद्योगिक उत्पादन, क्षमताको उपयोग, मासिक खुद्रा विक्री, मासिक थोक व्यापार आदिको विभिन्न आधारभूत आर्थिक तथ्याङ्कहरु नियमितरुपमा उपलब्ध हुन्छन् ।

यस्तै विश्वमा आर्थिक विकासको गति तीब्रतर हुँदै गएको र विभिन्न औद्योगिक व्यवसायका आर्थिक क्रियाकलापहरुमा पनि बृद्धि हुँदै गएको देखिन्छ । यसले अन्ततोगत्वा देशको आर्थिक वृद्धिमा प्रभाव पारेको हुन्छ । सरकारी नीतिले पनि आर्थिक वृद्धिलाई जोड दिएको पाइन्छ । यस्तो अवस्थाले समग्र आर्थिक संरचनाको अवस्था के कस्तो रहेको छ भन्ने बुझ्नुपर्ने आवश्यकता हुन्छ । देशको समग्र आर्थिक जगतको विस्तृत अवस्थालाई बुझ्न आर्थिक गणनाको औचित्य रहेको हुन्छ । आर्थिक गणनाको सञ्चालनबाट विभिन्न औद्योगिक व्यवसायहरु र अन्य आर्थिक एकाईहरुको विस्तृत तथ्याङ्कीय सूचना उपलव्ध हुने मात्र नभई भविष्यको आर्थिक विकासको अनुमान र तुलनाका लागि आधारपनि खडा गर्छ । यसैले नेपालमा पनि आर्थिक तथ्याङ्कलाई मजबुत गर्न आर्थिक गणना गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ ।

नेपालको समग्र विकासको लक्ष्य दिगो, समावेशी फराकिलो र दिगो आर्थिक समान बृद्धिद्वारा गरिबी न्यूनीकरण गर्नु हो । नेपालले यसका आवधिक योजनाहरु र वार्षिक बजेटहरुमा विभिन्न विकास लक्ष्यहरु हाासिल गर्ने कार्यक्रमहरु राखिएको पाइन्छ । सरकारी, सहकारी तथा निजी तीनै क्षेत्रको क्षमता तथा राष्ट्रिय अर्थतन्त्रमा रहेको योगदानको सही तथा यथार्थवादी मूल्यांकन अहिलेको आवश्यकता हो । सरकारले तेह्रौ त्रिवर्षीय योजनामा सन् २०२२ सम्ममा नेपाललाई अति कम विकसित राष्ट्रको स्थितिबाट विकासशील देशको पंक्तिमा स्तरोन्नति गर्ने दृष्टिकोण राखिएको थियो । स्तरोन्नति प्रक्रियामा राष्ट्र विशेषका विभिन्न सूचकांकहरु तयार गर्नु पर्ने हुन्छ । ती मध्ये प्रति व्यक्ति कुल राष्ट्रिय आय पनि एक हो । यसका लागि औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलापहरुको व्यवस्थित सूची तथा ती क्रियाकलापहरुवाट सृजित कारोवारहरुको विवरणवाट माथि उल्लेख गरिएको राष्ट्रिय लेखाका तथ्याङ्कहरु तयार गरिनु आवश्यक छ । सामाजिक आर्थिक विकासका लागि सहस्राब्दी लक्ष्यहरुको पदचापलाई पहिल्याउँदै नेपालले सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरु हासिल गर्ने योजनालाई निरन्तरता दिने भएकोछ । यस सन्दर्भमा नेपाललाई अति कम विकासित राष्ट्रको स्थितिबाट विकसशील देशको पंक्तिमा स्तरोन्नति गर्ने लक्ष्य हासिल गर्न र दिगो आर्थिक वृद्धि गरी दिगो विकासका लक्ष्यहरु प्राप्ति गर्न आवश्यक पर्ने बृहत आर्थिक तथ्याङ्कहरु प्राप्त गर्न पनि आर्थिक गणना अपरिहार्य देखिन्छ ।

## आर्थिक गणनाको अवधारणा

आर्थिक गणना एक बृहत तथ्याङ्कीय क्रियाकलाप हो जुन राष्ट्रिय तथ्याङ्क कार्यालयहरुबाट कुनै निश्चित समयावधिको अन्तरमा सञ्चालन गरिन्छ । यस तथ्याङ्कीय क्रियाकलाप अन्तर्गत देशको सम्पूर्ण भूभाग भित्र सञ्चालनमा रहेका वा अवस्थित रहेका सबै आर्थिक एकाईहरुको तथ्याङ्कीय विवरण संकलन गरिन्छ । यस क्रियाकलाप अन्तर्गत अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरणमा उल्लेख गरिएका केही खण्डका जस्तै कृषि, वन र मत्स्य क्रियाकलापहरु, सार्वजनिक प्रशासन जस्ता क्रियाकलापहरुबाहेक अन्य खण्डमा उल्लेखित सम्पूर्ण व्यवसायिक क्रियाकलापहरुको एकै सन्दर्भ अवधिमा पूर्ण गणना गरिन्छ । यसैले सम्पुर्ण आर्थिक एकाईहरु सम्बन्धी तथ्याङ्क संकलन, संग्रह, प्रशोधन, विश्लेषण र ती आर्थिक एकाईहरुको तथ्याङ्कीय विवरण प्रकाशन तथा वितरण गर्ने सम्पूर्ण क्रियाकलापलाई आर्थिक गणना भनिन्छ ।



tathyankgatibidhi.indd 2 8/24/2016 1:40:30 PM

## आर्थिक गणनाको महत्व

देशको आर्थिक विकासका लागि तर्जुमा गरिने आर्थिक नीति तथा योजनाहरुका लागि मात्र नभएर तथ्याङ्कीय व्यावसायिक रजिस्टर स्थापना गर्न र हरेक क्षेत्रका उद्योगी, व्यवसायी, अनुसन्धानकर्ताहरु तथा अन्य समुदायका लागि आ-आफ्नो क्षेत्रको विकास तथा व्यवसायको विस्तार जस्ता कार्य योजना तर्जुमा गर्न पनि आर्थिक गणनाको औचित्य रहेको छ । जस्तैः विभिन्न उद्योग तथा व्यापारिक संगठनहरु, च्याम्बर अफ कमर्स आदिले आर्थिक विकास तथा व्यवसायिक निर्णयहरु गर्नका लागि आर्थिक गणनाबाट प्राप्त हुने तथ्याङ्कीय सूचनाको प्रयोग गर्न सक्छन् । यस्तै सरकारी तथा विकास साझेदार निकायहरु, विश्लेषकहरु, व्यावसायिक संगठनहरुले पनि आर्थिक विकास सम्बन्धि नीति तथा योजनाहरु तर्जुमा गर्न पनि आर्थिक गणनाबाट प्राप्त हुने तथ्याङ्कहरु प्रयोग गर्न सक्छन् । यसका साथै कुनै पनि उद्योगी तथा व्यवसायीलाई आफ्नो व्यवसायको लगानी योजना तर्जुमा गर्न र व्यवसाय विस्तार गर्न पनि आर्थिक गणनाका तथ्याङ्कीय नतिजाहरु अति उपयोगी हुन्छन् । यस्तै विभिन्न समष्टिगत आर्थिक सूचकहरुको गुणस्तरलाई अभिवृद्धि गर्न र राष्ट्रिय लेखा अनुमान गर्न आवश्यक पर्ने, विभिन्न आर्थिक तथ्याङ्कका स्रोतहरु विस्तार गर्न पनि अझ आर्थिक गणनाबाट प्राप्तहुने नतिजाको बढी महत्व रहेकोछ । यसैले देशको अर्थतन्त्रमा समावेश रहेका विभिन्न आर्थिक व्यावसायिक क्रियाकलापहरु मापन गर्नका लागि निश्चित समायावधिमा सञ्चालन गरिने आर्थिक गणना जस्तो बृहत्तर तथ्याङ्कीय क्रियाकलाप एक महत्वपूर्ण कोशेढुंगा हो । व्यावसायिक प्रतिस्पर्धात्मक स्थिति थाहा पाउन, मुलुकको अर्थतन्त्रको विशेषताहरुको वास्ताविकता थाहा पाउन, व्यावसायिक एकाईहरुको अवस्थिति तथा आकार सम्बन्धी सूचना प्राप्त गर्न, व्यवसायको विभिन्न विशेषताहरु एकरुप, तुलनात्मक तथा विस्तृतढंगले मापनगर्न र कुल गार्हस्थ्य उत्पादन, उत्पादन तथा मुल्य सूचकांक, खुद्रा विक्री तथा अन्य तथ्याङ्क जस्ता आर्थिक सूचकहरुका लागि सही वेन्चमार्क तथ्याङ्क प्राप्त गर्न पनि आर्थिक गणनाको अपरिहार्यता रहेको हुन्छ ।

## नेपालमा आर्थिक गणनाको पृष्ठभूमि

नेपालमा वि.स. २०२२ देखि सञ्चालित औद्योगिक गणनालाई आंशिक आर्थिक गणनाको सुरुवातको रूपमा बुझ्न सकिन्छ तर एकै सन्दर्भ अवधिमा सबै व्यावसायिक आर्थिक एकाइहरुको पूर्ण गणना हालसम्म नेपालमा सञ्चालन गरिएको छैन । आर्थिक तथ्याङ्क महाशाखा अन्तर्गत आर्थिक गणना शाखाको वि.स. २०७० मा स्थापना भएपछि आर्थिक गणना सञ्चालन गर्नुपर्ने दायित्व रहन आएको छ । यस सन्दर्भमा विभिन्न आर्थिक क्रियाकलापहरु सञ्चालन गर्ने उद्योग, व्यापारिक प्रतिष्ठान, तथा विभिन्न सेवाहरु उपलव्ध गर्ने प्रतिष्ठान तथा एकाइहरुको वर्तमान अवस्थाबारे आधारभूत तथ्याङ्क प्राप्त गर्न, विभिन्न तथ्याङ्कीय अध्ययन तथा सर्वेक्षणहरु सञ्चालन गर्न आवश्यक पर्ने सम्पूर्ण आर्थिक एकाइहरुको सूची अर्थात मास्टर स्याम्पल फ्रेमका लागि ती आर्थिक एकाइहरुको व्यावसायिक रजिष्टर तयारी गर्नका लागि नेपालमा पनि आर्थिक गणना सञ्चालन गर्नु पर्ने आवश्यकता महशुस भएको छ । यसैले केन्द्रीय तथ्याङ्क विभागले सन् २०१८ तदनुरुप आ.व. २०७४/७५ मा नेपालमा प्रथम पटक आर्थिक गणना सञ्चालन गर्ने तयारी गरेको छ । यस गणनामा अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरण खण्ड A, कृषि, वन तथा मत्स्य, खण्ड O को सार्वजनिक प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षाका क्रियाकलापहरु, खण्ड T को घरपरिवारका क्रियाकलापहरु र खण्ड U का वाह्य संगठनका क्रियाकलापहरु बाहेक अन्य खण्डका व्यावसायिक क्रियाकलापहरुको गणना गर्ने योजना रहेको छ ।

प्रस्तावित आर्थिक गणनाको मूल उद्देश्य देशमा आर्थिक नीति तर्जुमा तथा आर्थिक सामाजिक विकासका लागि विस्तृत तथ्याङ्कीय सूचना उपलव्ध गराउनु हो । नेपालमा आर्थिक गणनाको सञ्चालनबाट देश भरी छरिएर रहेका वा सञ्चालित विभिन्न प्रकारका आर्थिक एकाईहरुको आकार तथा वितरण सम्बन्धी सही, विश्वसनीय र समयमै विस्तृत तथ्याङ्क उपलव्ध गर्ने व्यवस्थित तथ्याङ्कीय क्रियाकलाप हुनेछ । आधारभूत (benchmark) आर्थिक तथ्याङ्कको प्राथमिक स्रोतको रुपमा रहने यस आर्थिक गणनाले राष्ट्रिय अर्थतन्त्रको सञ्चालन र संरचनाबारे मूलभूत



tathyankgatibidhi.indd 3 8/24/2016 1:40:30 PM

तथ्यहरुको जानकारी प्रदान गर्नेछ। यसका साथै भविष्यमा सञ्चालन गरिने आर्थिक गणनाहरुबाट औपचारिक तथा अनौपचारिक व्यावसायिक दुवै क्षेत्रहरुमा संरचनागत परिवर्तनहरुको स्वरुपका बारेमा पनि सूचना प्रदान गर्नेछ। यस आर्थिक गणनाको सञ्चालनबाट कुल गाृहस्थ्य उत्पादनको संरचना, Input र output मापन, उत्पादन तथा मूल्य सूचकांक र अन्य तथ्याङ्कीय क्षेत्रहरुको फ्रेमवर्कका लागि आवश्यक पर्ने महत्वपूर्ण आँकडाहरु पनि उपलब्ध गराउनेछ। मुलुकलाई विकासशील देशमा स्तरोन्नति गर्नेतर्फ वर्तमान चुनौतीहरुलाई सामना गर्न आवश्यक पर्ने बृहत आर्थिक तथ्याङ्कलाई परिपूर्ति गर्न आर्थिक गणना एक अत्यावश्यक तथ्याङ्कीय क्रियाकलाप हुनेछ।

नेपालमा क्रियाशील सबै प्रकारका व्यावसायिक प्रतिष्ठानहरु तथा इन्टरप्राइजेजहरुको विवरण रहने तथ्याङ्कीय व्यावसायिक रजिष्टरको स्थापना गरी देशको तथ्याङ्कीय संरचनालाई मजबुत गर्ने यस आर्थिक गणनाको मूल लक्ष्य रहेको छ। नेपाल सरकारले तयार गर्दै गरेको तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीतिमा पनि सन् २०१८ नेपालको आर्थिक गणना २०१८ को आवश्यकता र यसको सञ्चालनका विषयमा स्पष्ट उल्लेख गरिनेछ।

### नेपालमा आर्थिक गणना सञ्चालन गर्न जापान सरकारको प्राविधिक सहयोग

जापान सरकारको अन्तरराष्ट्रिय सहयोग निकाय संस्था जाइका (JICA) ले सन् २०१८ मा नेपालमा आर्थिक गणना सञ्चालन गर्नका लागि क्षमता विकासका लागि प्राविधिक सहायता प्रदान गर्न सहमति जनाएको छ। २०७२ साल फागुन १७ गते केन्द्रीय तथ्याङ्क विभाग र जापान अन्तर्राष्ट्रिय सहयोग निकाय जाइका बीच सन् २०१८ मा आर्थिक गणना सञ्चालनका लागि क्षमता विकास आयोजना सम्बन्धी प्राविधिक सहायता आयोजना सम्झौतामा भएको छ। यस आयोजना सम्बन्धी सम्झौता पत्र "रेकर्ड अफ डिस्कसन्" मा केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशक श्री सुमन राज अर्याल र जाइका नेपालका प्रमूख प्रतिनिधि त्सुतोमु शिमिजुले हस्ताक्षर गर्नुभएको थियो। आर्थिक गणना सम्बन्धी आयोजनाको अवधि ५ (पाँच) वर्षको हुनेछ। विभिन्न सरोकार मन्त्रालयहरु, स्थानीय निकायहरु, विश्वविद्यालयहरु, अनुसन्धनात्मक संस्थाहरु तथा निजी क्षेत्रका व्यवसायहरुका नीति, योजना तथा रणनीतिहरु तर्जुमा तथा लागू गर्नका लागि आर्थिक गणनाबाट प्राप्त तथ्याङ्कीय नतीजाहरु उपयोग गरिनेछ। जापानले नेपाल सरकारलाई प्रदान गरिएका सहयोग श्रृंखलाहरुमध्ये सन् २०१८ मा नेपालमा आर्थिक गणना सञ्चालन गर्न प्रदान गरिने प्राविधिक सहयोग समग्रमा नेपालको तथ्याङ्कीय प्रणालीलाई मजबुत गर्ने दिशातर्फ उन्मुख हुनेछ। समग्रमा नेपालको तथ्याङ्कीय संरचनालाई मजबुत गर्ने सन्दर्भमा यो आर्थिक गणना एक महत्वपूर्ण कोशेढुंगा रहने अपेक्षा गरिएको छ।

## नेपाल बहुसूचक सर्वेक्षण २०७०/७१ (Nepal Multiple Indicator Cluster Survey 2014) को अन्तिम प्रतिवेदन सार्वजनिकीकरण

लैङ्गिक तथा सामाजिक तथ्याङ्क शाखा र UNICEF/Nepal को संयुक्त आयोजनामा नेपाल बहुसूचक सर्वेक्षण २०७०/७१ अर्थात् Nepal Multiple Indicator cluster Survey (NMICS) 2014 को अन्तिम प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रम २०७२।११।१३ गते विहिवार सम्पन्न भएको थियो। राष्ट्रिय योजना आयोगका श्रीमान् सदस्य-सचिव, केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशक, UNICEF का प्रतिनिधि (Representative), राष्ट्रिय योजना आयोग का सह-सचिव, केन्द्रीय तथ्याङ्क विभागका उपमहानिर्देशकहरु, सरकारी तथा गैर सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु तथा पत्रकार मित्रहरुको उपस्थिति रहेको उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय योजना आयोगका सदस्य-सचिव श्रीमान् सुरेशमान श्रेष्ठले गर्नुभएको थियो। कार्यक्रममा पाल्नु भएका सहभागीहरुलाई स्वागत मन्तव्य केन्द्रीय तथ्याङ्क विभागका उपमहानिर्देशक डा. रुद्र सुवालले गर्नुभएको थियो भने NMICS 2014 को Major Findings सम्बन्धी प्रस्तुतिकरण केन्द्रीय तथ्याङ्क विभागका निर्देशक श्री कृष्ण तुलाधरले गर्नुभएको थियो। UNICEF representative Mr. Tomoo Hozumi ले MICS को बारेमा थप प्रकाश पार्नुभएको थियो।



tathyankgatibidhi.indd 4 8/24/2016 1:40:30 PM




उक्त अवसरमा NMICS को अन्तिम प्रतिवेदनका साथमा Child Friendly प्रतिवेदनको पनि सार्वजनिकीकरण गरिएको थियो । यसका साथसाथै MICS सुरुवात भएको २० वर्ष  पुगेको उपलक्ष्यमा तयार परिएको वृत्तचित्र प्रर्दशनी पनि गरिएको थियो । उक्त कार्यक्रममा उपस्थित महानुभावहरुलाई केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशक श्रीमान् सुमनराज अर्यालले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## आधिकारिक तथ्याङ्क (Official Statistics) सम्बन्धि तालिम

नेपालको आधिकारिक तथ्याङ्कलाई प्रभावकारी वनाउन नेपालको तथ्याङ्क प्रणालीसँग संवद्ध विभिन्न निकायहरुमा आधिकारिक तथ्याङ्कसम्वन्धी चेतना अभिवृद्धि गर्ने र तथ्याङ्कको सैद्धान्तिक र व्यबहारिक पक्षवीच सामञ्जस्यता ल्याउने उद्देश्यले केन्द्रीय तथ्याङ्क विभाग र त्रिभुवन विश्वविद्यालय केन्द्रीय तथ्याङ्क विभाग (Central Department of Statistics, TU) वीच सहमति भए अनुरुप त्रिभुवन विश्वविद्यालय अन्तरगतका विभिन्न क्याम्पसहरुमा Official Statistics अध्यापनरत शिक्षकहरुलाई तालिम कार्यक्रम सञ्चालन गरिएको थियो ।  मिति २०७२।८।२७ देखि २०७२।९।१४ सम्म ७ दिनसम्म काभ्रेको बनेपामा सञ्चालित यस तालिममा त्रिभुवन विश्वविद्यालय केन्द्रीय तथ्याङ्क विभाग र अन्तरगतका विभिन्न क्याम्पसहरुमा Official Statistics अध्यापनरत २६ जना प्राध्यापकहरुको सहभागिता रहेको थियो । क्याम्पसहरुमा तथ्याङ्क विषय अध्ययनरत विद्यार्थीहरुलाई आधिकारिक तथ्याङ्क, नेपालको तथ्याङ्कीय प्रणाली, सर्वेक्षण तथा जनगणना, राष्ट्रिय लेखा, नेपालका आर्थिक, सामाजिक, वातावरण संग सम्वन्धित तथ्याङ्क तथा नेपालको आवधिक योजना प्रणाली र अनुगमन तथा मूल्यांकनका विषयमा जानकारी दिन अध्यापनरत शिक्षकहरुलाई सहज हुने किसिमले यससंग सम्वन्धित विषयगत प्रशिक्षकहरुवाट प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । यस तथ्याङ्क विभाग, Strengthening National Planning and Monitoring Capacity (SNPMC) र त्रि.वि. केन्द्रीय तथ्याङ्क शिक्षण विभाग (Central Department of Statistics, TU) को आयोजनामा सम्पन्न भएको यस तालिम कार्यक्रमको निरन्तरताले भविष्यमा नेपालको तथ्याङ्कीय प्रणाली र आधिकारिक तथ्याङ्कको विषयमा विश्वविद्यालयवाट उत्पादित जनशक्तिले सैद्धान्तिक साथै व्यावहारिक ज्ञानसमेत हासिल गर्न सक्ने भएकोले नेपालको तथ्याङ्कीय क्षेत्रमा यसको प्रभावकारितामा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

त्यसैगरी केन्द्रीय तथ्याङ्क विभाग, तालिम शाखाबाट यस विभाग अन्तर्गतका जिल्लास्थित तथ्याङ्क कार्यालयहरुमा कार्यरत तथा नवप्रवेशी सहायकस्तरका कर्मचारीहरुलाई Official Statistics विषयमा जानकारी दिने उद्देश्यले मिति २०७२।१०।२७ देखि २०७२।११।५ सम्म चितवन र मिति २०७२।११।१४ देखि २०७२।११।२० सम्म रुपन्देही जिल्लामा प्रति तालिम १७–१७ जना गरी जम्मा ३४ जना सहायकस्तरका कर्मचारीहरुको सहभागितामा तालिम सञ्चालन गरिएको थियो ।



tathyankgatibidhi.indd 5 8/24/2016 1:40:30 PM

# Compendium of Environment Statistics Nepal 2015 को सार्वजनिककिरण कार्यक्रम




आधिकारिक तथ्याङ्कको नविन क्षेत्रको रुपमा उदाएको वातावरण तथ्याङ्कको मागलाई परिपूर्ति गर्ने उद्देश्यले केन्द्रीय तथ्याङ्क विभाग वातावरण शाखाले Compendium of Environment Statistics Nepal 2015 प्रकाशन गरी राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. युवराज खतिवडाबाट एक कार्यक्रमका वीच मिति २०७२ चैत्र ८ गते ललितपुरमा सार्वजनिककिरण गरियो । राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. युवराज खतिवडाले उक्त पुस्तक सार्वजनिककिरण गर्दै वातावरण तथ्याङ्कको आवश्यक्ता, महत्व र यसमा रहेका चुनौतीहरुको बारेमा आफनो मन्तव्य राख्नुभएको थियो । दिगो विकासका लक्ष्यहरुलाई परिपूर्ति गर्न तथा तय गरिएका १७ वटा लक्ष्यका विभिन्न सूचकहरुको अनुगमन तथा मूल्यांकन गर्नका लागि प्रकाशन उपयोगी हुने कुरामा समेत उहाँले जोड दिनुभएको थियो । केन्द्रीय तथ्याङ्क विभागका उपमहानिर्देशक डा. रुद्र सुवालको स्वागत मन्तव्यबाट शुरु भएको उक्त कार्यक्रममा एशियाली विकास बैंकका कन्ट्री डाइरेक्टर श्री केनिचि योकोयामा र राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. सुमित्रा अमात्यले समेत आफनो मन्तव्य राख्नु भएको थियो । राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री सुरेशमान श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा वातावरण शाखाका निर्देशक श्री सुशिल कुमार शर्माले वातावरण तथ्याङ्क र प्रकाशनका विषयवस्तु समेटिएको एक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै विभागका महानिर्देशक श्री सुमनराज अर्यालले राष्ट्रिय र अन्तरराष्ट्रिय आवश्यकता अनुसारका आर्थिक, सामाजिक र वातावरणीय तथ्याङ्क उत्पादनमा विभाग सदैव क्रियाशील रहने र दिगो विकासका लक्ष्यको अनुगमन तथा मूल्यांकनका लागि आवश्यक सूचकहरुको परिपूर्ति गर्नेतर्फ समेत विभाग अगाडि वढ्ने प्रतिवद्धता जनाउनु भएको थियो । राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरु, नेपाल सरकारका विभिन्न निकायमा कार्यरत कर्मचारीहरु, अर्न्तराष्ट्रिय दातृ संस्थाका प्रतिनिधिहरु, गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु, पत्रकारहरु तथा अन्य सरोकारवाला व्यक्तिहरुको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन तथ्याङ्क अधिकृत श्री मनोहर घिमिरेले गर्नु भएको थियो । पुस्तक प्रकाशन तथा सार्वजनिककिरण कार्यक्रम सञ्चालन गर्न एशियाली विकास बैंकले सहयोग पुरयाएको थियो ।

स्थानीय स्तरमा रहेका उपयोगकर्ताहरु समक्ष विभागका प्रकाशनहरु पुर्‍याइ तथ्याङ्क उपयोगकर्ताहरुको संख्या अभिवृद्धि गर्ने विभागको निति अनुसार २०७२ चैत्र १७ गते सुर्खेतको विरेन्द्रनगरमा र २०७२ चैत्र २४ गते मोरङ्गको विराटनगरमा स्थानीय व्यक्तिहरुको सहभागितामा पुस्तकको डिशिमिनेशन कार्यक्रम सञ्चालन थियो ।



tathyankgatibidhi.indd 6 8/24/2016 1:40:31 PM

## Compendium of Environment Statistics Nepal 2015 प्रकाशन

नेपालको वातावरण तथ्याङ्कको क्षेत्रमा एक विश्लेषणात्मक प्रकाशन गर्ने विभागको सोच अनुसार हालै के.त.वि.ले Compendeium of Environment Statistics Nepal 2015 प्रकाशन गरेको छ । UN ले विकास गरेको Framework for the development of Environment Statistics 1993 ( FDES ) को ढाँचामा नेपालमा उपलब्ध वातावरण तथ्याङ्कको प्रयोग गरी १० वटा शीर्षकमा वातावरण क्षेत्रका विज्ञ व्यक्तिहरु तथा केन्द्रीय तथ्याङ्क विभागका अधिकृतहरुका विभिन्न लेखहरु उक्त प्रकाशनमा समेटिएको छ । यस अगाडि सन् १९९४ र १९९८ मा समेत यस प्रकारको प्रकाशन के.त.वि.ले गरेको थियो । वातावरण क्षेत्रका नीति निर्माता, कर्मचारीहरु, अनुसन्धानकर्ता, प्राध्यापक, विद्यार्थी तथा अन्य सरोकारवालाहरुलाई उक्त प्रकाशन अत्यन्त उपयोगी हुने ठानिएको छ । उक्त प्रकाशनमा समेटिएका लेखका शीर्षकहरु यसप्रकार छन् :




1. Development of Environment Statistics in Nepal
2. Sustainable Development through Integrated Rural Settlement Plan in Nepal
3. Social and Demographic Issues
4. Climatic Extremities in Nepal
5. Land and Soil
6. Water
7. Biological Resources
8. Solid Waste Management Status and Challenges in Nepal
9. Human Settlement Situation in Nepal
10. Disaster Management System in Nepal: Time for Policy to Action

## जलवायु परिवर्तन सर्वेक्षण (Climate Change Survey) को तयारी

अहिले जलवायु परिर्वतन विश्वको एक साझा समस्याको रुपमा देखा परेको छ र यसले समाजका विभिन्न क्षेत्रहरुमा असर पारिरहेको छ । नेपाल जलवायु परिर्वतनका जोखिमका हिसाबले अत्यन्त जोखिममा रहेको छ । जलवायु परिर्वतनका असरहरुलाई मापन गर्नका लागि पहिलोपटक के.त.वि., वातावरण शाखाले जलवायु परिवर्तन सर्वेक्षण सञ्चालन गर्दैछ । Practical Action सँगको सहकार्यमा सञ्चालन हुन लागेको उक्त सर्वेक्षणको २०७१ मा सञ्चालित नमूना सर्वेक्षण र आगामी सर्वेक्षणको प्रश्नावली तयारीका लागि सरोकारवाला व्यक्तिहरुसँग २०७२ चैत्र १२ गते न्यू समिट होटल, ललितपुर र २०७२ चैत्र २७ र २८ गते गोकर्ण फरेष्ट रिसोर्ट, काठमाण्डौंमा अन्तरक्रिया छलफल गरियो ।



tathyankgatibidhi.indd 7 8/24/2016 1:40:31 PM

# विज्ञापन एजेन्सी सर्वेक्षण, २०७२

आर्थिक क्रियाकलापहरुमध्ये विज्ञापन व्यवसाय एक महत्वपूर्ण आर्थिक क्रियाकलाप हो । यस व्यवसायले राष्ट्रिय अर्थतन्त्रमा के कति योगदान पुर्‍याएको छ सोको अनुमान गर्न र देशभरी संचालित विज्ञापन व्यवसाय सम्वन्धी आधारभूत तथ्याङ्क (आकार, स्वरुप, रोजगारी एवं लगानी) को विवरण संकलन, प्रशोधन, विश्लेषण तथा प्रकाशन गरी विभिन्न सरकारी तथा गैरसरकारी प्रयोगकर्ता तथा अनुसन्धानकर्ताहरुलाई वैज्ञानिक तथा भरपर्दो तथ्याङ्क उपलब्ध गराउने उद्देश्यका यो सर्वेक्षण सञ्चालन भएको छ ।

विज्ञापन एजेन्सी सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र समसामयिक नीति विश्लेषण गर्न सहयोग पुर्‍याउने उद्देश्यले पहिलो पटक बि.सं. २०६२ सालमा केन्द्रीय तथ्याङ्क विभागबाट विज्ञापन सेवा अध्ययन र सर्वेक्षण २०६२ संचालन गरिएको थियो । यसै सन्दर्भमा यस सम्वन्धी तथ्याङ्क अद्ययावधिक गरी यस व्यवसायले राष्ट्रिय अर्थतन्त्रमा पुर्‍याको योगदानको अनुमान गर्नका लागि विभागको प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखाबाट आ.व. २०७२/७३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम "विज्ञापन एजेन्सी सर्वेक्षण,२०७२" सञ्चालन भइरहेको छ । यस आर्थिक वर्ष २०७२/०७३ मा सर्वेक्षणका तथ्याङ्क प्रशोधन लगायत प्रतिवेदन लेखन तथा छपाई र तथ्याङ्क सार्वजनिक गर्ने कार्यहरु बाहेकका अन्य सबै कार्यहरु सम्पन्न गर्ने लक्ष्य लिई यस प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखाले कार्य गरिरहेको छ ।

आन्तरिक राजश्व कार्यालय, काठमाडौं र विज्ञापन एजेन्सी संघ, नेपाल (Association of Advertising Agencies, Nepal (AAN) बाट प्राप्त विज्ञापन एजेन्सीको लगत वा सूचीलाई आधार मानी निश्चित मापदण्डको आधारमा विज्ञापन एजेन्सीहरुको अन्तिम सूची तयार गरिएको छ । यसै सूचीलाई सर्वेक्षणको फ्रेम मानी विज्ञापन एजेन्सी सर्वेक्षण, २०७२ को गणना कार्य भइरहेको छ । केही दुर्गम जिल्ला बाहेक, १० भन्दा कम विज्ञापन एजेन्सी भएका जिल्लाहरुमा पूर्ण गणना र १० वा सोभन्दा बढी विज्ञापन एजेन्सी भएका जिल्लाहरुमा नमूना छनौट (Sample Selection) को आधारमा गणनाको स्थलगत कार्य तथा स्थलगत कार्यको अनुगमन तथा निरिक्षण कार्य र यस सर्वेक्षणको संकलित तथ्याङ्क प्रविष्टिका लागि CS Pro मा डाटा इन्ट्री सफ्टवेयरको निर्माण कार्यहरु भइरहेका छन् ।

# विश्व तथ्याङ्क दिवस २०१५

काठमाडौं, चैत्र १० । संयुक्त राष्ट्र संघ तथ्याङ्कीय आयोग (United Nations Statistical Commission) को आह्वानमा सन् २०१० देखि विश्व तथ्याङ्क दिवस विश्वका धेरै देशहरूमा मनाउने गरिएको छ। यसरी सन् २०१५ को विश्व तथ्याङ्क दिवस श्रृंखलाको दोस्रो हो । अक्टोबर २० तारिखमा मनाउनु पर्ने यो दिवस दसैंको बिदा परेको हुँदा नेपालमा सन् २०१५ मा मनाउन सकिएन र २०१६ मा मनाइयो ।

उन्नत तथ्याङ्कः उन्नत जीवन (Better Data: Better Lives) भन्ने मूल नारा रहेको विश्व तथ्याङ्क दिवस एक समारोहबीच राजधानीमा मनाइयो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. युवराज खतिवडाले उक्त समारोहको पानसमा बत्ती बालेर उद्घाटन गर्नुभयो । आफ्नो मन्तव्यमा वहाँले तथ्याङ्क उन्नत हुँदैमा स्वतः जीवनस्तर उन्नत हुँदैन र त्यसका लागि सोही अनुसारका निर्दिष्ट योजना तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन हुनुपर्दछ भन्नु भयो । मन्तव्यका क्रममा वहाँले वर्तमान राष्ट्रिय तथ्याङ्क प्रणालीमा विभिन्न समस्या र कमजोरीहरू रहेका भएपनि उपलब्ध स्रोत र जनशक्तिको आधारमा हाल उपलब्ध तथ्याङ्कसँग सन्तुष्ट रहन सकिने स्थिति छ भन्नुभयो । लिंग, क्षेत्र, भूगोलको आधारमा जति बढी खण्डीकृत तथ्याङ्क उपलब्ध हुन सक्यो योजना तर्जुमा र कार्यान्वयनको सिलसिलामा उति नै सहयोगसिद्ध हुन्छ भन्दै वहाँले यस्तो खाले विश्व तथ्याङ्क दिवसले तथ्याङ्कीय सचेतना अभिवृद्धि गर्न भूमिका खेल्छ भन्नुभयो ।



tathyankgatibidhi.indd 8 8/24/2016 1:40:31 PM




कार्यक्रममा नेपालको तथ्याङ्कीय इतिहास सम्बन्धी वृत्तचित्र प्रस्तुत गरिएको थियो । समारोहमा तथ्याङ्कको प्रयोगकर्ताहरूको तर्फबाट अर्थशास्त्री डा. डिल्लीराज खनालले मन्तव्य राख्नु भएको थियो । तथ्याङ्क विभागले हालै तयार पारेको तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति (National Strategy for the Development of Statistics:NSDS) को मस्यौदाले समेटेका विषयवस्तुहरूको बारेमा उपमहानिर्देशक श्री हेमराज रेग्मीले एक प्रस्तुति राख्नुभयो। वहाँले यस्तो रणनीति कार्यान्वयनमा आइसकेपछि विद्यमान राष्ट्रिय तथ्याङ्क प्रणालीका धेरै समस्याहरू समाधान हुने विचार राख्नुभयो ।

विगतमा तथ्याङ्क विभाग र त्रि.वि. मा काम गर्नुभएका विभिन्न चार जना महानुभावहरूलाई र केन्द्रीय तथ्याङ्क विभागमा दीर्घ सेवा गरेका १२ जना कर्मचारीहरूलाई उक्त अवसरमा सम्मान गरिएको थियो। यसरी सम्मानित हुने कर्मचारीहरुमा उपमहानिर्देशक डा. श्री रुद्र सुवाल, निर्देशकहरु श्री गुणनिधि शर्मा, श्री सृजना वैद्य, टा.ना.सु. श्री कृष्ण कुमारी रायमाझी, टा.ख. श्री सम्झना बिस्ट, ह.स.चा. द्वय श्री राजेन्द्र महत, श्री पञ्चरत्न शाक्य, कार्यालय सहयोगीहरु सर्वश्री कुमार कार्की, राजेन्द्र खत्री, जगुनाथ थापा, जितबहादुर महर्जन र पवित्र बोगटी हुनुहुन्थ्यो । समारोहमा पूर्व सचिव तथा पूर्व महालेखापरीक्षक श्री नरकान्त अधिकारी, पूर्व सचिव तथा पूर्व महालेखापरीक्षक श्री मधुसुदन ढकाल, लेखक तथा पत्रकार श्री भैरव रिसाल र त्रिभुवन विश्वविद्यालयका तथ्याङ्कशास्त्र विषयका निवृत्त प्राध्यापक डा. मृगेन्द्रलाल सिंह समेतलाई दोसल्ला ओढाएर अभिनन्दन गरिएको थियो । कार्यक्रममा अभिनन्दित व्यक्तित्व द्वय भैरव रिसाल तथा प्रा. डा. मृगेन्द्रलाल सिंहले यसरी सम्मानित हुँदा आफूलाई खुसी लागेको कुरा व्यक्त गर्नुभयो ।

नेपालको राष्ट्रिय गानबाट सुरु भएको उक्त कार्यक्रममा विभागका महानिर्देशक श्री सुमनराज अर्यालले विश्व तथ्याङ्क दिवसको सन्दर्भ बारे बोल्दै स्वागत मन्तव्य राख्नुभएको थियो भने राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री सुरेशमान श्रेष्ठले समारोहको अध्यक्षता गर्नुभएको थियो। आफ्नो मन्तव्यमा सचिव श्री श्रेष्ठले तथ्याङ्क विभागको कार्य सम्पादनको प्रशंसा गर्दै यसको स्तरोन्नति गर्नु जरुरी छ भन्नुभयो । इन्डोनेशियासँग नेपालको तुलना गर्दै वहाँले तथ्याङ्क विभागको विद्यमान जनशक्ति बढाउनु पर्ने देखिन्छ भन्नुभयो। सम्मानित व्यक्तित्वहरूको अभिनन्दनबाट वहाँले एउटा राम्रो परम्पराको थालनी भएको विचार राख्नुभयो। विभागका निर्देशक राजन सिलवालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## शहरी जनसंख्या सर्वेक्षण २०७२

जन्म मृत्यु तथा बसाइसराइ जस्ता निरन्तर परिवर्तनशील चरहरुले प्रभाव पार्ने भएकोले कुनैपनि भौगोलक क्षेत्रको जनसंख्या प्रति क्षण परिवर्तन भैरहेको हुन्छ। नेपालमा जनसांख्यिक तथ्याङ्कको सबैभन्दा महत्वपूर्ण र प्रमुख स्रोतको रुपमा वि.सं १९६८ देखि हरेक १० वर्षको अन्तरालमा नियमित रुपमा हुने जनगणना रहेको छ । यसै क्रममा बि.सं २०६८ सालमा १०० बर्षको ११ औं जनगणना सम्पन्न भएको छ। देशको सबैभन्दा बृहत तथ्याङ्कीय क्रियाकलापको रुपमा जनगणनामार्फत् देशका हरेक घरपरिवारमा पुगेर संकलन गरिने जनसांख्यिक सूचकहरु १० बर्षको लामो अन्तरालमा मात्रै प्राप्त हुने भएकोले जनगणनाको मध्य अवधिमा हुने जनसांख्यिक चरहरुको परिवर्तन बारेमा जानकारी प्राप्त गर्न विश्वका विभिन्न देशहरुमा बिबिध प्रकारका Mid Term Population Survey हरु गर्ने प्रचलन रहेको हुन्छ। नेपालमा यस प्रकारका जनसांख्यिक सर्वेक्षणहरु नियमित रुपमा हुने गरेको पाईदैन। केन्द्रीय तथ्याङ्क विभागबाट समय समयमा तथ्य (ad hoc) रुपमा यस प्रकारका सर्वेक्षणहरु हुने गरेका छन् ।



tathyankgatibidhi.indd 9 8/24/2016 1:40:32 PM

वि.सं २०६८ सालमा सम्पन्न पछिल्लो जनगणनाको समयमा शहरी जनसंख्याको रुपमा देशमा तत्काल विद्यमान जम्मा ५८ वटा नगरक्षेत्रहरुमा देशको १७.०७ प्रतिशत जनसंख्या रहेको थियो । जनगणनापश्चात् वि.सं २०७१ र २०७२ सालको विभिन्न समयमा ३ चरणमा गरी जम्मा १५९ वटा नयाँ नगरक्षेत्रहरु थपिएका छन् भने तत्कालीन ५८ नगरपालिकाहरु मध्ये २६ वटा नगरपालिकाहरुको क्षेत्र विस्तार गरिएको छ । हाल देशमा नगरपालिकाहरुको जम्मा संख्या २१७ पुगेको छ । जनगणनाको समयमा विद्यमान ५८ नगरपालिका मध्येका विभिन्न २६ वटा नगरपालिकाहरुमा विभिन्न ११२ वटा गा.वि.स.हरु गाभेर क्षेत्र विस्तार गरिएको छ भने विभिन्न जिल्लाका ६४६ वटा गा.वि.स.हरु मिलाएर १५९ वटा नयाँ नगरपालिकाहरु घोषणा गरिएको छ । वि स २०११ को जनगणनाबाट प्राप्त तथ्याङ्क बमोजिम तत्काल कायम नगरपालीकाहरुको क्षेत्र विस्तार तथा नयाँ नगरक्षेत्रहरुको घोषणबाट देशको ७५८ गा.वि.स. हरुमा वसोवास गर्ने ६७,०१,६२५ ग्रामिण जनसंख्या अर्थात देशको कुल जनसंख्याको २५.२९ प्रतिशत जनसंख्या शहरी जनसंख्यामा परिणत भै शहरी क्षेत्रको जम्मा जनसंख्या ४२.३७ प्रतिशत पुग्न गएको देखिन्छ ।

यसप्रकार देशमा शहरी क्षेत्रको संख्या ५८ बाट २१७ पुगेको कारण शहरी जनसंख्या तथा क्षेत्रफलमा उल्लेखनिय रुपमा वृद्धि भएको छ । वि.सं २०६८ सालमा सम्पन्न पछिल्लो जनगणनापश्चात्को ५ बर्षको अवधिमा उक्त शहरी क्षेत्रहरुको जनसाख्यिक, शैक्षिक, आर्थिक, सामाजिक र शहरी सेवा तथा सुविधाहरु सम्बन्धी सूचकहरुकमा हुन गएको परिवर्तन र विद्यमान अवस्था बारेमा अध्ययन गरी शहरी क्षेत्रको विकासको लागि योजना तथा नीति निर्माणको लागि आवश्यक सूचकहरु उपलब्ध गराउने उद्देश्यले चालु आ.व. २०७२/७३ मा केन्द्रीय तथ्याङ्क विभागबाट शहरी क्षेत्रको जनसंख्या सर्वेक्षण (Urban Population Survey-UPS) संचालन गरिदै छ ।

## सर्वेक्षणको विधि :

यो सर्वेक्षण नमूना छनौट विधिमा आधारित छ । सर्वेक्षणको लागि पहिलो चरणमा वडा वा वडाखण्डहरु छानिएका छन् । वडा वा वडाखण्डहरु यस सर्वेक्षणका प्राथमिक छनौट एकाईहरु (Primary Sampling Units, PSUs) हुन । सर्वेक्षणको लागि देशका जम्मा २१७ नगरक्षेत्रहरुलाई भौगालिक क्षेत्र तथा नगरपालकिाहरुको पारिवारिक सूचकहरुको आधारमा वर्गिकरण गरी सवै प्रकारका नगरक्षेत्रहरुको प्रतिनिधित्व हुनेगरी जम्मा ३२४ PSU हरु छानिएका छन् । यसैगरि हरेक PSU हरुबाट २० वटा घरपरिवारहरु छनौट गरी जम्मा ६,४८० परिवारहरुबाट पारिवारिक तथा व्यक्तिगत विवरणहरु संकलन गरिनेछ ।

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त वडा वा वडा खण्डहरुको सूचीलाई फ्रेमको रुपमा लिएर २१७ नगर क्षेत्रहरुलाई भौगोलिक क्षेत्र तथा नगरपालिकाको पारिवारिक सूचकहरुको आधारमा तल उल्लेखित ७ खण्डमा निम्नानुसार वर्गीकरण गरिएको छ । नगरपालिकाहरुको वर्गीकरणपश्चात् प्रत्येक क्षेत्रका नगरपालिकाहरुको रा.ज.ग. २०६८ को परिवार संख्याको आधारमा PPS (Probabilty Proportional to Size ) प्रयोग गरि प्राथमिक छनौट एकाई (PSU) हरु छानिएको छ । उक्त वर्गीकरण बमोजिम छानिएका ३२४ PSU हरुको वितरण निम्न बमोजिम रहेको छ ।

| क्र. सं. | नगरपालिकाको वर्गीकरण | भौगोलिक क्षेत्र | नगरपालिकाहरुको संख्या | छानिएको PSU संख्या | छनौट हुने परिवार संख्या |
|---|---|---|---|---|---|
| १ | महानगरपालिका (काठमाण्डौ) | पहाड | १ | ३९ | ७८० |
| २ | उप महानगरपालिका | हिमाल/पहाड | ३ | ३९ | ७८० |
| ३ | नगरपालिका (Low development Score ) | हिमाल/पहाड | ५३ | ३९ | ७८० |
| ४ | नगरपालिका (High development Score ) | हिमाल/पहाड | ५१ | ५५ | १,१०० |
| ५ | उप महानगरपालिका | तराई | ९ | ३९ | ७८० |
| ६ | नगरपालिका (Low development Score ) | तराई | ६१ | ६४ | १,२८० |
| ७ | नगरपालिका (High development Score ) | तराई | ३९ | ४९ | ९८० |
| जम्मा | | | २१७ | ३२४ | ६,४८० |



tathyankgatibidhi.indd 10 8/24/2016 1:40:32 PM

## गणना कार्यमा खटिने कर्मचारीहरुका लागि तालिम



शहरी जनसंख्या सर्वेक्षण २०७२ को स्थलगत तथ्याङ्क संकलन कार्यमा खटिने ३१ तथ्याङ्क कार्यालयका सुपरिवेक्षक तथा सहायकस्तरका ७८ जना कर्मचारीहरुलाई दुई चरणमा तालिम दिइएको थियो । पहिलो चरणमा मिति २०७२ चैत्र २ देखी ७ गते सम्म चितवनको विरेन्द्रनगरमा ४१ जनालाई र दोस्रो चरणमा मिति २०७२ चैत्र १२ देखि १७ गते सम्म रुपन्देहीको वुटवलमा ३७ जनालाई तालिम दिइएको थियो । उक्त तालिम कार्यक्रममा जनसंख्या शाखाका निर्देशक श्री शंकरलाल श्रेष्ठ, निर्देशक श्री इन्द्रबहादुर कार्की, त.अ. श्री तिर्थराज बराल, त.अ. श्री मनोहर घिमिरे र त.स. श्री विष्णुराज रेग्मीले प्रशिक्षण दिनु भएको थियो । तथ्याङ्क कार्यालय चितवनका त.अ. श्री जीवनाथ आचार्य र तथ्याङ्क कार्यालय कपिलवस्तुका त.अ.श्री अवधेश कुमार शुक्लाले समेत उक्त तालिम कार्यक्रममा सहजीकरण गर्नुभएको थियो ।

### स्थलगत तथ्याङ्क संकलन

केन्द्रीय तथ्याङ्क विभागले आफनो नियमित कार्यक्रममा पहिलोपटक शहरी जनसंख्या सर्वेक्षण २०७२ को स्थलगत तथ्याङ्क संकलन कार्य Computer Assisted Personel Interview (CAPI) प्रविधिको प्रयोग गरी ट्याबलेटमा गर्दैछ । यसका लागि आवश्यक Software को निर्माण कार्य सम्पन्न भइसकेको छ । संभव भएका केही PSU हरुमा CAPI मार्फत तथ्याङ्क संकलन कार्य हुँदैछ । यसले समयको बचत हुने, तथ्याकं प्रविष्टिको समस्या नहुने र समग्र तथ्याङ्कको गुणस्तर अभिवृद्धि हुने विश्वास गरिएको छ ।

## मनाङ्ग र मुस्ताङ्गमा के.त.वि.कक्ष (CBS Cell) स्थापना

हिमालपारिको जिल्ला भनेर चिनिने दुई जिल्ला मनाङ्ग र मुस्ताङ्गमा केन्द्रीय तथ्याङ्क विभाग (के.त.वि.) बाट उत्पादित प्रकाशनहरुको कक्ष (के.त.वि. कक्ष) स्थापना गरिएको छ । के.त.वि. का जिल्लास्थित कार्यालय नभएका ४२ वटा जिल्लाहरुमा पनि तथ्याङ्क प्रयोगकर्ताहरुलाई के.त.वि. बाट उत्पादित तथ्याङ्कहरुको सहज उपलब्धता होस् भन्ने उद्देश्यका साथ संचालन गरिएको उक्त कार्यक्रम कालिकोट बाहेक ४१ वटा जिल्लामा गरीसकिएको छ । उक्त कार्यक्रममा के.त.वि. बाट उत्पादित विभिन्न प्रकारका प्रकाशनहरु जस्तै पुस्तक, लिफ्लेट, प्रश्नावलीहरु संग्रह तथा तथ्याङ्कीय सी.डी.हरुको प्रदर्शनीको साथै के.त.वि.का प्रकाशनहरुको जानकारी, यसको वितरण प्रकृया तथा प्रयोग सम्बन्धी छलफल गरिएको थियो । के.त.वि. का जिल्ला स्थित कार्यालय नभएका जिल्लाहरुमा जिल्ला विकास समितिको सूचना केन्द्रमा र अन्य एक सार्वजनिक पुस्तकालय, सामूदायिक क्याम्पस वा उच्च मा.वि.मा के.त.वि. कक्ष स्थापना गरिदै आएको छ । दुवै जिल्लाका जि.वि.स.हरुमा र मुस्ताङ्गमा जनहित बहुमुखी क्याम्पसमा र मनाङ्गमा लोकप्रिय उ.मा.वि. मा के.त.वि. कक्ष स्थापना गरिएको हो । उक्त कार्यक्रमहरुमा जिल्लाका स्थानीय विकास अधिकारी, प्रमुख जिल्ला अधिकारी लगाएत विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, क्याम्पस, उच्च मा.वि. तथा मा.वि., स्थानीय पुस्तकालय, उद्योग वाणिज्य संघ, स्थानीय पत्रकार, गैरसरकारी संस्था महासंघ, स्थानीय गैरसरकारी संघसस्थाहरुका कार्यालय प्रमुख तथा प्रतिनिधिहरु एवं स्थानीय नागरिक समाजका प्रतिनिधिहरु र स्कूल/कलेजका विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।



tathyankgatibidhi.indd 11 8/24/2016 1:40:32 PM




स्थानीयस्तरमा नीति निर्माण, योजना तर्जुमा, विभिन्न कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्कहरुको सधै अभाव हुने गरेको अवस्थामा केन्द्रीय तथ्याङ्क विभागबाट भएको यो कार्यक्रम अत्यन्तै महत्वपूर्ण भएको साथै विभागले आगामी दिनमा अझ बढी स्थानीय स्तरको पनि तथ्याङ्क उपलब्ध गराउन र विभागबाट प्रकाशित सामाग्रीहरु नियमित रुपमा के.त.वि. कक्षमा प्राप्त होस् भन्ने अपेक्षा सहभागीहरुबाट व्यक्त गरिएको थियो ।

## भूकम्प प्रभावित आवास पुन:निर्माण लगत संकलन कार्यक्रम २०७२

मिति २०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पनहरुले नेपालको पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलका ओखलढुङ्गा, सिन्धुली, रामेछाप, दोलखा, रसुवा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर र गोरखा गरी १४ अति प्रभावित जिल्लाहरुको क्षति भएका आवास पुन:निर्माण गर्ने कार्यक्रम यथाशीघ्र सञ्चालन गर्न अत्यावश्यक तथ्याङ्कीय आधार तयार गर्ने उद्देश्यले केन्द्रीय तथ्याङ्क विभागको प्राविधिक सहयोगमा मिति २०७२ असोज १ गते देखि प्रथम चरणमा दोलखा जिल्लाबाट यो भूकम्प प्रभावित आवास पुन:निर्माण लगत संकलन कार्यक्रम सुरु गरेको थियो । पहिलो चरण अन्तर्गत ओखलढुङ्गा, सिन्धुली, रामेछाप, दोलखा, रसुवा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, मकवानपुर र गोरखा गरी ११ जिल्लामा लगत संकलन गर्ने कार्य सम्पन्न भईसकेको छ । र दोस्रो चरणमा ३ जिल्लाहरु काठमाडौं, ललितपुर, भक्तपुरमा लगत संकलन कार्यको लागि प्रारम्भिक तयारी भइरहेको छ ।

यो कार्यक्रम अन्तर्गत भूकम्पबाट अति प्रभावित उल्लिखित जिल्लाहरुमा रहेका सबै आवासीय घरहरूको इन्जिनियरहरुबाट विस्तृत जाँच गर्ने र ती घरमा बस्ने परिवारहरूको आर्थिक, सामाजिक र जनसांख्यिक विवरण लिइएको छ। यो लगत संकलन कार्यक्रम अर्थ मन्त्रालय र विश्व बैंकबीच भएको सम्झौता बमोजिम संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय र राष्ट्रिय योजना आयोगको सहकार्यमा समन्वयात्मक रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमको पूर्व तयारीदेखि नतिजा प्रकाशनसम्मका हरेक क्रियाकलापहरुलाई उच्च तहबाट आवश्यक मार्गदर्शन, समन्वय तथा अनुगमन गर्नको लागि राष्ट्रिय योजना आयोगका सदस्य सचिवज्यूको अध्यक्षतामा एक निर्देशक समिति, प्राविधिक सहयोगको लागि विभिन्न मन्त्रालय र विभागको प्रतिनिधि रहने गरी केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशकको अध्यक्षतामा प्राविधिक समिति र केन्द्रीय तथ्याङ्क विभागको उपमहानिर्देशकको संयोजकत्वमा प्राविधिक कार्य समूह (Technical Task Force) को गठन भई केन्द्रीय तथ्याङ्क विभागले सर्वेक्षणको स्थलगत कार्य (कार्य योजना, तालिम सञ्चालन तथा स्थलगत तथ्याङ्क संकलन) सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने गरि कार्य गरी रहेको छ ।

यस सर्वेक्षणमा विज्ञ सर्भेयरहरुले ट्याब्लेट प्रयोग गरी संकलन गरेको तथ्याङ्क इन्टनेटमार्फत् सोझै सिंहदरबारस्थित सरकारी एकीकृत डाटा सेन्टरमा रहेको केन्द्रीय तथ्याङ्क विभागको सर्भरमा पठाउने व्यवस्था गरिएको छ । तथ्याङ्क संकलनको पहिलो चरण अन्तर्गत अति प्रभावित ११ जिल्लाहरुको भूकम्पबाट प्रभावित आवासीय भवनहरुको र सो भवनहरुमा बसेका परिवारहरुको लगत संकलन कार्य सम्पन्न भई सकेकोले संकलित



tathyankgatibidhi.indd 12 8/24/2016 1:40:32 PM

तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभागसंग भएको सम्झौता बमोजिम संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयल लाई हस्तान्तरण गरी सकेको र सोही तथ्याङ्कमा आधारित भइ राष्ट्रिय पुनःनिर्माण प्राधिकरण सिंहदरबारले लाभग्राही भूकम्प पीडित छनौटको मापदण्ड तयार गरी लाभग्राहीहरुको सूचि सम्बन्धित जिल्लामा पठाईरहेको छ ।

यसरी तयार गरिएको तथ्याङ्कीय आधारबाट मूख्यतः प्रत्येक आवासीय घरको क्षतिको विस्तृत आंकलन भई वास्तविक पीडितहरुको पहिचान हुने र यसले पुनःनिर्माण कार्यक्रम यथाशीघ्र सञ्चालन गर्न सहयोग पुग्ने छ। साथै, संकलित तथ्याङ्कको आधारमा आवासीय घरहरु निर्माणको लागि मापदण्ड कायम गर्न भरपर्दो आधार खडा हुनेछ। त्यसैगरी सबै घरपरिवार तथा व्यक्तिहरूको प्राप्त विवरणबाट सामाजिक सुरक्षा कार्यक्रम लगायत अन्य कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समेत मद्दत पुग्नेछ।

यस कार्यक्रमका लागि अन्तराष्ट्रिय दातृ निकायहरुको तर्फबाट विश्व बैंकले संयुक्त राष्ट्र संघीय परियोजना सेवा (United Nations office for Project Services-UNOPS) मार्फत् जनशक्ति र अन्य आवश्यक सामग्रीहरुको व्यवस्था मिलाएको थियो । यस कार्यमा UNOPS मार्फत् राष्ट्रिय गैरसरकारी संस्थाहरु - स्वास्थ्य अनुसन्धान तथा सामाजिक विकास मञ्च (Health Research and Social Development Forum –HERD) र काठमाडौं लिभिङ्ग ल्याब (Kathmandu Living Lab-KLL) पनि संलग्न थिए ।

## व्यावसायिक पुष्पखेती सर्भेक्षण २०७२

कृषि तथा पशुपंक्षी गणना तथा सर्वेक्षण शाखाबाट व्यवसायिक पुष्पखेती सर्वेक्षण २०७२ को अधिकृत तथा सहायक स्तरीय तालिम सम्पन्न गरी २० वटा तथ्याङ्क कार्यालयहरु अन्तर्गत ३२ जिल्लामा स्थलगत तथ्याङ्क संकलन कार्य भईरहेको छ। साथै, शाखाको समन्वयमा फ्लोरिकल्चर एसोसियसन नेपालका तर्फबाट यस सर्वेक्षणको विभिन्न चरणहरु जस्तैः लगत सूचीकरण, प्रश्नावली तथा निर्देशिका तयारी, तालिम तथा स्थलगत तथ्याङ्क संकलन कार्यमा आवश्यक प्राविधिक लगायतका अन्य सहयोग समेत प्राप्त भइरहेको छ । व्यावसायिक पुष्पखेती सर्वेक्षण २०७२ प्रयोजनको लागि व्यावसायिक पुष्पखेती व्यवसाय  भन्नाले अर्थोपार्जनका उद्देश्यले हिमाली तथा पहाडी जिल्लामा कम्तीमा ८ आना र तराईका जिल्लामा कम्तिमा १० धुर जग्गामा मौसमी, बहुबर्षे फूल तथा आलंकारिक बोट विरूवा उत्पादन, कट फ्लावर उत्पादन, बल्ब, राईजोम तथा ट्युवर उत्पादन, लुज फ्लावर उत्पादन र गार्डेन दूबो उत्पादन गरी बिक्री वितरण गर्ने गरी सञ्चालित व्यवसाय/व्यवसायीलाई मानिएको छ । आय आर्जन वा पेशा व्यवसायको उद्देश्यले व्यवसायिकरूपमा विभिन्न पुष्प र पुष्पजन्य बोट विरूवाहरु उत्पादन तथा बिक्री बितरण गर्नु नै व्यवसायिक पुष्प व्यवसायका कृयाकलापहरु हुन् ।

नेपालमा पुष्पखेतीको बढोत्तरी हुँदै जाँदा पछिल्लो कालखण्डमा यसले ठुलो संख्यामा रोजगारीका अवसर सृजना गर्नुका साथै राष्ट्रिय अर्थतन्त्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

व्यवसायिक पुष्पखेती फस्टाउँदै जाँदा यससम्बन्धी तथ्याङ्कको महत्व पनि दिनानुदिन बढ्दै गएको छ । तथा सूचनाको आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले आर्थिक बर्ष २०७२/७३ मा व्यावसायिक पुष्पखेती सर्वेक्षण २०७२ सञ्चालन गर्दैछ । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरु यस व्यवसायको विकासका लागि आवश्यक नीति निर्माण, योजना तर्जुमा र अनुगमन एवं मूल्यांकन गर्न उपयोगी हुनाका साथै अनुसन्धानकर्ता, व्यवसायी, विद्यार्थी र यस क्षेत्रमा चासो राख्ने अन्य सबै सरोकारवाला व्यक्तिहरुलाई पनि महत्वपूर्ण हुन सक्दछ ।

### सर्वेक्षणको उद्देश्य

नेपालमा सञ्चालनमा रहेका व्यावसायिक पुष्पखेती (दर्ता भएका वा नभएका) को अवस्था (Status), बनौट (Structure) र प्रकृति (Nature) सम्बन्धी जानकारीका साथै व्यावसायिकरूपमा पुष्पखेती गर्ने त्यस्ता



tathyankgatibidhi.indd 13 8/24/2016 1:40:33 PM

फर्म/व्यवसायीहरूको जम्मा संख्या, तिनीहरुबाट सिर्जित रोजगारी, फूल, फूलका विरूवा तथा बीऊविजन उत्पादन तथा बिक्री, सञ्चालन तथा पूँजीगत खर्च आदि विवरणहरूको सङ्कलन, प्रशोधन, विश्लेषण एवं व्याख्या गरेर नेपालमा गरिएको व्यवसायिक पुष्पखेतीसम्बन्धी तथ्याङ्कीय विवरण प्रकाशन गर्नु यस सर्वेक्षणको प्रमुख उद्देश्य हो ।

## अध्ययनको दायरा तथा क्षेत्र


यस व्यवसायको भौतिक संरचना, रोजगारीको स्थिति, आय आर्जन तथा लगानीको स्थिति, व्यवसायले चलन गरेको जग्गाको क्षेत्रफल एवं उपयोग, विभिन्न जातका फूलका विरूवा तथा बीउको उत्पादन तथा बिक्री परिमाण, चालु तथा पूँजीगत खर्च तथा बिक्री विवरण, आयात र निर्यात विवरण, ऋणसम्बन्धी विवरण, व्यवसायले प्रयोग गरेको हरित गृह (ग्रिन हाउस), टनेल तथा व्यावासयिक भवनसम्बन्धी विवरण, व्यवसायीले लिएको तालिमसम्बन्धी विवरण, व्यवसायीको पूर्व व्यवसाय, भूकम्प लगायत अन्य कारणहरुबाट व्यवसायको उत्पादन तथा मूल्यमा आएको बृद्धि तथा ह्रास, व्यवसायसम्बन्धी भावी योजना, व्यवसायमा प्रभाव पार्ने विविध पक्षहरुसम्बन्धी व्यवसायीको धारणा लगायत व्यवसायिक उन्नतिका लागि सरकारसँगको अपेक्षा आदि समेटिएकाछन् ।

व्यवसायिक रूपमा पुष्पखेती सञ्चालन गरिएका नेपालका सबै जिल्लाहरुमा यो सर्वेक्षण सञ्चालन गरिनेछ । सन्दर्भ अवधि (मिति २०७१ साउन १ देखि २०७२ असार मसान्तसम्म) मा सञ्चालनमा रहेका व्यवसायहरु मात्र यो सर्वेक्षणमा समेटिएको छ ।

## तथ्याङ्कको स्रोत

पहिलो चरणमा, प्रत्येक जिल्लामा गई माथि उल्लिखित परिभाषाअनुसार सञ्चालनमा रहेका व्यवसायी/कृषक परिवारको नामनामेसी साथै तिनले चलन गरेको क्षेत्रफल, प्रमुख उत्पादन तथा तलबी कामदार/कर्मचारी संख्या सहितको विवरण संकलन गरी जिल्लाअनुसार सूची तयार पारिएको छ । दोस्रो चरणमा, यसै सूचीका आधारमा सम्बन्धित व्यवसायमा गई अन्तरवार्ता बिधिबाट प्रश्नावली भरी विस्तृत विवरण संकलन गरिनेछ ।

# आर्थिक वर्ष २०७२/७३ को राष्ट्रिय लेखा तथ्याङ्क अनुमान




केन्द्रीय तथ्याङ्क विभागबाट नियमित रुपमा कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Production, GDP), उपभोग (Consumption), बचत (Saving), लगानी (Investment) जस्ता महत्वपूर्ण राष्ट्रिय लेखा (National Accounts) सम्बन्धी समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धित तथ्याङ्कहरू तयार गरी सार्वजनिक गरिँदै आइएको छ । यसै क्रममा चालु आर्थिक बर्ष २०७२/७३ को चार देखि नौ महिनासम्मका आर्थिक क्षेत्रहरुसँग सम्बन्धित आँकडा तथा सूचनाहरु एवं बाँकी अवधिको सामान्य अवस्थाको आधारमा वस्तु तथा सेवाको उत्पादन अनुमान गरी २०७२/७३ को प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा विगत आर्थिक बर्ष २०७०/७१ को अन्तिम अनुमान तथा गत आर्थिक बर्ष २०७१/७२ को संशोधित अनुमान सार्वजनिक गरिएको छ ।



tathyankgatibidhi.indd 14 8/24/2016 1:40:33 PM

# कुल गार्हस्थ्य उत्पादन बार्षिक बृद्धिदर

चालु आर्थिक वर्ष २०७२/७३ को चार देखि नौ महिनासम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित आँकडा तथा सूचनाहरूका आधारमा तयार गरिएको तथ्याङ्क अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) का बृद्धिदर आधारभूत मूल्य (Basic price) मा ०.७७ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। सोही बृद्धिदर गत आर्थिक वर्ष २०७१/७२ मा २.३२ प्रतिशत हुने संशोधित अनुमान र आर्थिक वर्ष २०७०/७१ मा ५.७२ प्रतिशत हुने अन्तिम अनुमान रहेको छ।

## केही आर्थिक सूचकहरु :

*Table 1: Annual Growth Rate of GDP by Economic Activities (at constatnt Price)*

| | Industrial Classification | 2068/69 | 2069/70 | 2070/71 | 2071/72R | 2072/73P |
|---|---|---|---|---|---|---|
| | | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 |
| A | Agriculture and forestry | 4.58 | 1.07 | 4.54 | 0.71 | 1.14 |
| B | Fishing | 7.53 | 2.71 | 4.90 | 7.09 | 11.76 |
| C | Mining and quarrying | 5.03 | 1.98 | 11.85 | 2.34 | -6.54 |
| D | Manufacturing | 3.63 | 3.72 | 6.28 | 0.37 | -9.86 |
| E | Electricty gas and water | 8.30 | 0.28 | 3.27 | 1.01 | -1.66 |
| F | Construction | 0.22 | 2.45 | 9.08 | 2.85 | -3.98 |
| G | Wholesale and retail trade | 3.50 | 7.25 | 10.89 | 2.11 | -1.13 |
| H | Hotels and restaurants | 7.38 | 5.50 | 6.77 | 3.33 | -4.85 |
| I | Transport, storage and communications | 8.10 | 7.65 | 5.24 | 6.23 | 2.55 |
| J | Financial intermediation | 3.47 | -0.91 | 3.70 | 2.91 | 3.30 |
| K | Real estate, renting and business activities | 2.97 | 5.19 | 3.64 | 0.77 | 3.72 |
| L | Public administration and defence | 3.67 | 5.53 | 5.04 | 5.42 | 5.78 |
| M | Education | 5.58 | 5.92 | 4.81 | 3.74 | 6.69 |
| N | Health and social work | 6.43 | 4.48 | 4.50 | 10.49 | 8.85 |
| O | Other community, social and personal service activities | 6.36 | 4.79 | 4.77 | 4.37 | 5.60 |
| | Agriculture, forestry and fishing | 4.63 | 1.10 | 4.55 | 0.81 | 1.33 |
| | Non-agriclture | 4.53 | 5.01 | 6.41 | 3.09 | 0.63 |
| | ***Total GVA including FISIM*** | **4.57** | **3.64** | **5.77** | **2.32** | **0.86** |
| | **Financial intermediation services indirectly measured (FISIM)** | **3.50** | **0.72** | **7.10** | **2.41** | **2.85** |
| | ***Gross Domestic Product (GDP) at basic prices*** | **4.61** | **3.76** | **5.72** | **2.32** | **0.77** |
| | **Taxes less subsidies on products** | **6.68** | **8.16** | **8.88** | **6.93** | **-1.54** |
| | ***Gross Domestic Product (GDP)*** | **4.78** | **4.13** | **5.99** | **2.73** | **0.56** |
| R = Revised/P = Preliminary | | | | | May 3, 2016 | |
| *NSIC categories P and Q are included in category O.* | | | | | | |



tathyankgatibidhi.indd 15 8/24/2016 1:40:33 PM

*Table 2 : Summary of Macro Economic Indicators*

| Description | 2068/69 | 2069/70 | 2070/71 | 2071/72R | 2072/73P |
|---|---|---|---|---|---|
| | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 |
| **Percapita GDP (NRs.)** | **56880** | **62283** | **71225** | **75855** | **79370** |
| Annual change in nominal percapita GDP (%) | 10.25 | 9.50 | 14.36 | 6.50 | 4.63 |
| **Percapita GNI (NRs.)** | **57337** | **62764** | **72413** | **77079** | **80921** |
| Annual change in nominal percapita GNI (%) | 10.52 | 9.46 | 15.37 | 6.44 | 4.98 |
| **Percapita GNDI (NRs.)** | **73082** | **81051** | **95308** | **102476** | **109284** |
| Annual change in nominal percapita GNDI (%) | 15.09 | 10.91 | 17.59 | 7.52 | 6.64 |
| **Percapita GDP at constant price (NRs.)** | **24962** | **25646** | **26820** | **27184** | **26972** |
| Annual change in real percapita GDP (%) | 3.39 | 2.74 | 4.58 | 1.36 | 0.57 |
| **Percapita GNI at constant price (NRs.)** | **25582** | **26397** | **27939** | **28261** | **28110** |
| Annual change in real percapita GNI (%) | 3.72 | 3.18 | 5.84 | 1.15 | -0.53 |
| **Percapita GNDI at constant price (NRs.)** | **32607** | **34088** | **36773** | **37573** | **37963** |
| Annual change in real percapita GNDI (%) | 8.01 | 4.54 | 7.88 | 2.17 | 1.04 |
| **Percapita incomes in US$** | | | | | |
| Nominal percapita GDP (US$) | 702 | 708 | 725 | 762 | 752 |
| Nominal percapita GNI (US$) | 708 | 714 | 737 | 775 | 766 |
| Nominal percapita GNDI (US$) | 902 | 921 | 970 | 1030 | 1035 |
| **Final consumption expenditure as percentage of GDP** | **89.01** | **89.45** | **88.08** | **91.21** | **94.74** |
| **Gross domestic saving as percentage of GDP** | **10.99** | **10.55** | **11.92** | **8.79** | **5.26** |
| **Gross national saving as percentage of GDP** | **39.47** | **40.69** | **45.73** | **43.89** | **42.95** |
| **Exports of goods and services as percentage of GDP** | **10.07** | **10.69** | **11.51** | **11.67** | **10.66** |
| **Imports of goods and services as percentage of GDP** | **33.58** | **37.46** | **40.75** | **41.66** | **39.36** |
| **Gross fixed capital formation as percentage of GDP** | **20.77** | **22.59** | **23.52** | **27.75** | **25.01** |
| **Resource gap as percentage of GDP( +/-)** | **4.97** | **3.37** | **4.57** | **5.11** | **8.99** |
| **Workers' remittances as percentage of GDP** | **23.54** | **25.64** | **27.66** | **29.11** | **32.09** |
| Exchange rate (US$: NRs) | 81.02 | 87.96 | 98.21 | 99.49 | 105.60 |
| Population (millions) | 26.85 | 27.21 | 27.58 | 27.95 | 28.33 |
| *R = Revised/P = Preliminary* | | | | | *May 3, 2016* |


**प्रकाशक :**

नेपाल सरकार

**राष्ट्रिय योजना आयोगको सचिवालय**

**केन्द्रीय तथ्याङ्क विभाग**

थापाथली, काठमाण्डौ

फोन नं. : ४२४५९४६, ४२४५९४७, ४२४५९४८,

फ्याक्स नं.: ९७७-१-४२२७७२०

URL : www.cbs.gov.np




tathyankgatibidhi.indd 16 8/24/2016 1:40:33 PM